मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २१० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २९ गते शुक्रबार ❑ 14 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## देश बनाउन सबैले सहकार्य गर्नु जरुरी छ: अर्थमन्त्री वाग्ले

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ साउन



अर्थमन्त्री डा स्वर्णिम वाग्लेले मुलुकको विकास र समृद्धिका लागि राजनीतिक आग्रहपूर्वाग्रह त्यागेर सबैपक्ष एकताबद्ध भएर अघि बढ्नुपर्ने बताउनुभएको छ।

जिल्ला समन्वय समिति तनहुँले बिहीबार दमौलीमा आयोजना गरेको वार्षिक प्रगति समीक्षा कार्यक्रममा उहाँले देशलाई नयाँ उचाइमा पुर्‍याउने स्पष्ट योजनासहित वर्तमान सरकार अघि बढिरहेको बताउँदै सबैले आपसी सहकार्य र समन्वय गर्नुपर्नेमा जोड दिनुभयो। अर्थमन्त्री वाग्लेले सरकार सुशासन र सुधारलाई प्राथमिकतामा राखेर सरकार अघि बढिरहेको बताउनुभयो । उहाँले सरकारको पहिलो वर्षलाई सुधारको वर्ष, दोस्रोलाई सुशासनको वर्षका रूपमा लिइएको जनाउँदै तेस्रो र चौथो वर्षमा त्यसको नतिजा देखिने गरी योजनाबद्ध रूपमा काम भइरहेको उल्लेख गर्नुभयो। "यो जनताले आशा गरेको सरकार हो। देश बनाउन सबै मिलेर अघि बढौँ। गलत सोच त्यागौँ, देशलाई उचाइमा सहकार्य र समन्वय गरौँ", उहाँले भन्नुभयो। मुलुकलाई समृद्ध बनाउने स्पष्ट योजना लिएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा आएको उल्लेख गर्दै वाग्लेले जनताको अपेक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सुशासनको जगमा टेकेर सबै मन्त्रालयमा दैनिक रूपमा सुधारका काम भइरहेका छन् । कतिपय ठाउँमा गलत भए तत्कालै सुधार गरेर अगाडि बढिरहेका छौँ।" अर्थमन्त्री डा वाग्लेले सुशासनबिना मुलुकको आर्थिक तथा सामाजिक विकास सम्भव नहुने भन्दै सरकारी संयन्त्रलाई प्रभावकारी र जवाफदेही बनाउन आवश्यक रहेको बताउनुभयो । सरकारले सुशासन कायम गर्ने विषयमा कुनै सम्झौता नगर्ने उहाँको भनाइ छ । अर्थमन्त्री डा वाग्लेले पूर्वाधार निर्माणमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको बताउँदै ऊर्जामा त्यसको सफल उदाहरण देखिसकिएको उल्लेख गर्नुभयो । अर्थमन्त्री डा वाग्लेले धान्न सक्नेगरी स्वास्थ्य बिमाको ढाँचा जाने गरी सरकारले काम अगाडि बढाएको उल्लेख गर्दै निम्न वर्गलाई लक्षित गरी विगतका सरकारले ल्याएका सकारात्मक कामलाई यस वर्ष यथावत राखिएको जानकारी दिनुभयो । कार्यक्रममा तनहुँ क्षेत्र नं २ का प्रतिनिधिसभा सदस्य श्रीराम न्यौपानेले विकास निर्माणलाई गति दिन पूर्वाधार अदालतको प्रक्रिया अगाडि बढेको जानकारी दिनुभयो।

गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर चुमान, जितप्रकाश आले, अशोककुमार श्रेष्ठ, व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेलगायतले पूर्वाधार विकास, पर्यटन प्रवर्द्धनलगायत विषयमा सहकार्य र समन्वयको आवश्यकता औँल्याउनुभयो । शुक्रबारसम्म सञ्चालन हुने समिक्षा कार्यक्रममा जिल्लास्थित स्थानीय तह, प्रदेश र सङ्घीय सरकार मातहतका कार्यालयका आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न भएका काम र समस्याबारे छलफल गरिने जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जानकारी दिनुभयो। बताउनुभयो। यसैबीच, अर्थमन्त्री डा वाग्लेले बन्दीपुरमा सञ्चालित जीप सफारीले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभएको छ । बन्दीपुर स्थित टुँडिखेलबाट बन्दीपुर गाउँपालिकाको कार्यालयसम्म आज जीपमा सवारी गर्दै उहाँले ग्रामीण क्षेत्रमा जीप सफारीबाट पर्यटक आकर्षित गर्न सकिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "नेपालका थुप्रै पहाडी थुम्कामा यस्ता जीप सफारीबाट पर्यटन प्रवर्द्धन गर्दै स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सकिन्छ।" जीप सफारी सञ्चालनका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क सस्तो बनाउन पहल गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो।

बन्दीपुर भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले जीप सफारीका लागि खरिद गरिने सवारीमा भन्सार शुल्क छुट दिन आग्रह गर्नुभएको थियो। बन्दीपुर हुँदै मिनीग्रेटवाल, तीनधारा, सहिद स्मारक, धरमपानी, रुम्सी घरबासलगायत ठाउँमा जीप सफारीमार्फत पर्यटकले भ्रमण गर्दै आएका छन्।

## पूर्व प्रधानमन्त्री देउवा स्वदेश फिर्ता

**रासस**
काठमाडौं, २८ साउन



नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा झण्डै पाँच महिना लामो स्वास्थ्य उपचार सकेर बिहीबार स्वदेश फर्कनुभएको छ।

गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा सख्त घाइते हुनुभएका उहाँ पाँच महिनाअघि स्वास्थ्य उपचारका लागि सिङ्गापुर हुँदै हङकङ पुग्नुभएको थियो । स्वास्थ्य उपचार सकेर पूर्व प्रधानमन्त्री देउवा आज दिउँसो काठमाडौँ आइपुग्नुभएको हो । उहाँलाई त्रिभुवन अन्तर ष्ट्रिय विमानस्थलमा स्वागत गर्न कांग्रेसका शीर्ष नेताहरू पूर्णबहादुर खड्का, डा शशाङ्क कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधी, कृष्णप्रसाद सिटौला, डा प्रकाशशरण महत, एनपी साउद, अम्बिका बस्नेत, ईश्वरी न्यौपाने, मीन विश्वकर्मा, मोहनबहादुर बस्नेत, उमाकान्त चौधरीलगायत पुग्नुभएको थियो। पूर्व प्रधानमन्त्री देउवालाई विमानस्थल परिसरदेखि निवाससम्म देशभरबाट आएका कांग्रेसका सयौँ नेता कार्यकर्ताहरूले नाराजुलुशसहित स्कर्टिङ गरेका थिए।

**स्वदेश फर्केपछि अपिल जारी**


नेता देउवाले बिहीबार एक अपिल जारी गर्दै आफूलाई हिमालका शिखर, पहाडका हरियाली हराभरा र तराईका विशाल मैदानहरूले पुनः आफ्नै घरतर्फ बोलाएको उल्लेख गर्नुभएको छ। उहाँले आफू नेता बनेर नभई राष्ट्को आजीवन नागरिक बनेर फर्किएको र विनम्रता, समर्पण र प्रेमका साथ सेवा गर्न तत्पर रहेको उल्लेख गर्नुभएको छ।

पूर्व प्रधानमन्त्री देउवाले कांग्रेस केवल लोकतान्त्रिक इतिहास बोकेको दल मात्र नभई दशकौंको राजनीतिक सङ्घर्ष सहेर आफ्नो अस्तित्व र मर्यादा जोगाइराख्न सफल पार्टी भएको बताउनुभयो । "मैले हाम्रो युवा पुस्ताको मौन पीडा र प्रखर आवाज दुवै सुनेको छु। म स्पष्ट रूपमा भन्न चाहन्छु- कांग्रेसले युवा पुस्ताले माग गरेको परिवर्तनलाई आत्मसात् गरेको छ," उहाँले भन्नुभएको छ, "विश्व बदलिएको छ, र हामी पनि समयको गतिसँगै अघि बढ्नुपर्छ भन्ने सत्यलाई हामी स्वीकार गर्छौं । त्यसैले भौतिक पीडा सहँदासहँदै पनि गत भदौमा भएको जेनजी आन्दोलनको जायज मागलाई मैले सम्बोधन वोधन गर्नुपर्ने धारणा त्यति बेला नै राखेको थिएँ।" उहाँले आफूले राजनैतिक रूपमा लिनुपर्ने केही नभएको तर मेरो विगतको अनुभव मुलुक मुलुक र पार्टीले लिन सक्नु पर्ने र त्यो अनुभव नयाँ पुस्तालाई शेयर गर्नु आफ्नो दायित्व भएको पनि उल्लेख गर्नुभएको छ। पूर्व प्रधानमन्त्री देउवाले आफ्नो पार्टीका साथीहरू अहिले निराश भएको अवस्थामा रहेका र उनीहरूको मनोबल बढ्ने गरी पार्टीभित्रका साथीहरूको भावनालाई पुनः एक पटक जोड्नु पर्ने समय आएको बताउनुभएको छ। उहाँले २०३३ सालमा वीपी कोइराला भारत निर्वासनबाट नेपाल फर्कंदा सबै राष्ट्रवादी र प्रजातन्त्रवादी शक्तिहरू एक हुनु पर्ने समय आएको उद्घोष गर्नु भएको स्मरण गर्दै फेरि ४७ वर्षपछि राष्ट्रिय एकतालाई मजबुत गर्न सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता देखिएको बताउनुभएको छ । "मैले सँधै

बाँकी अन्तिम पृष्ठमा ▶▶

## 'पोखरा घर' शुक्रबारदेखि नै सञ्चालनमा आउने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन



पोखरा महानगरपालिका-९ पृथ्वीचोकमा निर्माण भएको बहुउद्देश्यीय भवन 'पोखरा घर' शुक्रबारदेखि सञ्चालनमा आउने भएको छ। उक्त भवनको निर्माण सम्पन्न भएसँगै शुक्रबार एक समारोहबीच भवनको औपचारिक उद्घाटन गर्ने तयारी गरिएको पोखरा-९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले जानकारी दिनुभयो।

यात्रु तथा सर्वसाधारणलाई लक्षित गरी निर्माण गरिएको 'पोखरा घर'मा स्नानघर, सार्वजनिक शौचालय, कोसेली घर, सूचना केन्द्र, पुस्तकालय, आर्ट ग्यालरी लगायतका सुविधा उपलब्ध रहेको अध्यक्ष मर्सानीले जनाउनु भयो । पृथ्वीचोकमा लामो समयदेखि देखिँदै आएको सार्वजनिक शौचालय तथा यात्रु सुविधाको अभावलाई समेत यसले सम्बोधन गर्ने अपेक्षा गरिएको उहाँले विश्वास व्यक्त गर्नुभयो । अब यसलाई व्यवस्थित रूपमा सञ्चालन गरेर यहाँबाट स्थानीयवासी, यात्रु र पर्यटकले प्रत्यक्ष लाभ लिन सक्ने वातावरण बनाउनेछौँ," मर्सानीले भन्नुभयो।


'पोखरा घर'को भुइँतलामा यात्रु तथा सर्वसाधारणका लागि स्नानघर, शौचालय, सूचना केन्द्र र कोसेली घरको व्यवस्था गरिएको छ। एकैपटक पाँचदेखि सात जनासम्मले स्नान गर्न सक्ने तथा १० देखि १२ जनासम्मले शौचालय प्रयोग गर्न सक्ने गरी संरचना तयार गरिएको महानगरको भवन तथा पूर्वाधार शाखाले जनाएको छ। महिला, पुरुष तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टाछुट्टै र अपाङ्गमैत्री शौचालय निर्माण गरिएको छ। यात्रुको सुविधालाई ध्यानमा राख्दै सशुल्क शौचालयको व्यवस्था गरिएको छ भने भुइँतलामै पृथ्वीराजमार्ग सञ्चालक कम्पनीको टिकट काउन्टर समेत रहनेछ।

स्थानीय उत्पादन तथा हस्तकलाका सामग्री बिक्रीका लागि कोसेली घर सञ्चालनमा आउनेछ । कोसेली घर सञ्चालनका लागि सम्झौता भइसकेको महानगरले जनाएको छ । यसबाट पोखरा आउने पर्यटकलाई स्थानीय उत्पादनसँग जोड्नुका साथै स्थानीय उत्पादनको बजार विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

'पोखरा घर'मा महेन्द्रपुलमा सञ्चालन हुँदै आएको पुस्तकालय र आर्ट ग्यालरीसमेत स्थानान्तरण गरिने भएको छ । महेन्द्रपुलको पुस्तकालयमा रहेका पुराना तथा ऐतिहासिक पुस्तकहरू नयाँ भवनमा व्यवस्थापन गरिनेछ।

त्यस्तै, महेन्द्रपुलमा रहेको आर्ट ग्यालरीलाई समेत ' पोखरा घर'मा स्थानान्तरण गरी सञ्चालन गरिनेछ। पुस्तकालय र आर्ट ग्यालरीसँगै पोखरा प्रज्ञाका लागि कक्ष तथा बैठक र कार्यक्रम सञ्चालनका लागि आवश्यक हलको समेत व्यवस्था गरिएको छ । यसले पोखराको साहित्य, कला, संस्कृति र सिर्जनात्मक गतिविधिलाई एउटै आधुनिक पूर्वाधारमा समेट्ने अपेक्षा गरिएको छ । 'जेड' आकारमा निर्माण भएको 'पोखरा घर'मा भूमिगत पार्किङ, लिफ्ट तथा अपाङ्गमैत्री संरचनासहितका सुविधा रहेको भवनको उत्तर र पूर्वतर्फ आकर्षक घण्टाघर निर्माण गरिएको छ। 'पोखरा घर' निर्माणका लागि करिब ७ करोड ४६ लाख रुपैयाँ लागत अनुमान गरिएको थियो। निर्माण कम्पनीले करिब ५ करोड ४२ लाख ६६ हजार रुपैयाँमा ठेक्का पाएको महानगरले जनाएको छ। कोजुई आरुसी आरुसु एबी-एसी जेभीले भवन निर्माणको जिम्मा पाएको हो। हालसम्म महानगरपालिकाले निर्माण कम्पनीलाई ५ करोड १२ लाख २६ हजार रुपैयाँ भुक्तानी गरिसकेको इन्जिनियर लक्ष्मीप्रसाद गौतमले जानकारी दिनुभयो। उक्त रकममा भ्याट तथा अन्य करसमेत समावेश रहेको उहाँले बताउनुभयो।

भूमिगत पार्किङका लागि करिब ३१५ वर्गमिटर क्षेत्रफल छुट्याइएको छ । भवनका विभिन्न तलामा पुस्तकालय, आर्ट ग्यालरी, कोसेली घर, सूचना केन्द्र, बैठक तथा कार्यक्रमका लागि आवश्यक संरचना निर्माण गरिएको छ । 'पोखरा घर' सञ्चालनमा आएपछि पृथ्वीचोकमा यात्रुका आधारभूत आवश्यकता पूरा गर्ने सुविधासँगै स्थानीय उत्पादन, कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्ने साझा केन्द्रका रूपमा विकास हुने अपेक्षा गरिएको छ।



## पोखरा उद्योग वाणिज्य संघ

पोखरा-४, गैह्रापाटन

पत्र संख्या: २०८३/०८४
चलानी न: १२७

मिति: २०८३/०४/२५ गते

# ३६औं महाधिवेशन तथा ७२ औं वार्षिक अधिवेशन (साधारण सभा) को सूचना ।

**श्री साधारण, कर्पोरेट, औद्योगिक, तथा वस्तुगत सदस्यहरू!**

पोखरा उद्योग वाणिज्य संघको २०८३ साल आषाढ २५ गते बसेको ३० औं कार्यसमितिको निर्णयानुसार यस संघको ३६ औं महाधिवेशन तथा ७२ औं वार्षिक अधिवेशन (साधारण सभा) यही मिति २०८३ साल भाद्र २० र २१ गते शनिवार र आइतवार हुने व्यहोरा सदस्य महानुभावज्यूहरूलाई सहर्ष जानकारी गराउन चाहन्छौं ।

पोखरा उद्योग वाणिज्य संघका सम्पूर्ण सदस्य महानुभावहरूको जानकारीका लागि विधान २०६५ (पहिलो संशोधन २०७२) को परिच्छेद ५ (साधारण सभा, साधारण सभाको काम, कर्तव्य र अधिकार) धारा ५.१.५ अनुसार तपशिलको मिति, समय र स्थानमा हुने महाधिवेशनसम्बन्धी यो सूचना जारी गरिएको छ । उक्त दिन समयमै समुस्थितिका लागि सादर निमन्त्रणा गर्दै विधानको धारा ५.२.१ अनुसार अधिवेशन (साधारण सभा) मा विचारार्थ प्रस्तुत गरिने कुनै प्रस्ताव भए साधारण सभा हुनुभन्दा १० दिन अगावै संघको पोखरा ४, गैह्रापाटनस्थित सचिवालयमा आइपुग्ने गरी पठाइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल:**

| | |
|---|---|
| **क) समुद्‌घाटन समारोह प्रथम सत्र**<br>**प्रमुख अतिथि :** श्री अञ्जन श्रेष्ठ : अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ ।<br>**मिति** : २०८३ भाद्र २० गते, शनिवार ।<br>**समय** : बिहान ११:०० बजे<br>**स्थान** : पोउवासंघ सभाहल | **ख) दोस्रो सत्र :** साधारण सभा (वन्दसत्र समुद्घाटन समारोह पश्चात दिउसो २:३० बजे वाट सुरू हुने )<br>**सभामा छलफल गर्ने विषयहरू :**<br>• महासचिवबाट वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।<br>• कोषाध्यक्षबाट आ.व. २०८२/०८३ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत, छलफल र पारित ।<br>• कोषाध्यक्षबाट आ.व. २०८३/०८४ को अनुमानित आयव्यय प्रस्तुत, छलफल र पारित ।<br>• आ.व २०८३/०८४ को लेखा परिक्षकको नियुक्ती सम्बन्धमा ।<br>• प्रस्तावहरूबारे छलफल ।<br>• विविध । |

**निर्वाचन कार्यक्रम**

**मतदान** : मिति २०८३ भाद्र २१ गते बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म । **स्थान** : पोउवासंघ सभाहल

निर्वाचन सम्वन्धी कार्यतालिका निम्नानुसार रहेको छ ।

**शोभा गौतम**
महासचिव
पोखरा उद्योग वाणिज्य संघ

**निर्वाचन समिति २०८३**

## निर्वाचन कार्यक्रम सम्बन्धमा

मिति: २०८३/०४/२२

**श्री साधारण, कर्पोरेट, औद्योगिक तथा वस्तुगत सदस्यज्यूहरु,**

पोखरा उद्योग वाणिज्य संघको २०८३ भदौ २० र २१ गते सम्पन्न हुने ३६ औं महाधिवेशनमा संघको आगामी कार्यकालको कार्यसमितिको निर्वाचन हुने व्यहोरा अवगत गराउदछौं । निर्वाचन कार्य सम्पादनका लागि गठित निर्वाचन समितिको बैठकको निर्णय अनुसार तपशिल बमोजिमको निर्वाचन कार्यक्रम तय गरिएको व्यहोरा सबै सदस्यज्यूहरुलाई सूचित गरिएको छ ।

**मतदान प्रक्रिया:**

- पोउवासंघको विधान बमोजिमको कार्यसमितिको निर्वाचनमा मतदान गर्दा अध्यक्ष पदमा १ जना, बरिष्ठ उपाध्यक्ष पदमा १ जना, उपाध्यक्ष (उद्योग) पदमा १ जना, उपाध्यक्ष (वाणिज्य) पदमा १ जना, महासचिव पदमा १ जना, कोषाध्यक्ष पदमा १ जना, उप महासचिव पदमा १ जना, कार्यसमितिको सदस्य (साधारण सदस्यतर्फ) पदमा १० जना, कार्यसमिति सदस्य (औद्योगिक सदस्यतर्फ) को पदमा १ जना, कार्य समिति सदस्य (वस्तुगत सदस्यतर्फ) पदमा ४ जनालाई अनिवार्य रूपमा मतदान गर्नुपर्ने छ । तोकिएको सदस्य संख्याभन्दा कम वा बढी उम्मेदवारहरुलाई मतदान गरेमा उक्त मतपत्र बदर हुनेछ ।
- कार्यसमितिमा साधारण सदस्यको तर्फबाट प्रतिनिधिहरुको साधारण सदस्यहरुले तथा बस्तुगत संघ/संस्थाको प्रतिनिधिको लागि बस्तुगत संघ/संस्था सदस्यहरुले र औद्योगिक सदस्यको औद्योगिक सदस्यले मात्र निर्वाचन गर्नेछन् ।
- अध्यक्षसहित सबै पदाधिकारीहरुको हकमा संघको विधानको परिच्छेद ४ ।६को दफा क ख घ र ङका सबै सदस्यहरुले मतदान गर्नेछन् ।
- शारीरिक अशक्तता तथा निरक्षरताका कारण स्वयं मतदान गर्न असमर्थ मतदातालाई सुविधाका लागि निजको अनुरोधमा निजको एकाघरका सदस्य वा निर्वाचन समितिको कुनै सदस्य प्रतिनिधिले मतदानमा सहयोग गर्न सक्नेछन् ।

**मतदाता परिचयपत्र:**

- मतदाताले मतदान क्षेत्रमा प्रवेश गर्दा संघबाट उपलब्ध गराइएको सदस्यता परिचयपत्र अनिवार्य रुपले देखाउनुपर्नेछ ।
- २०८३ साल भाद्र १५ गतेभित्र सदस्यता परिचय पत्र अनिवार्य रुपमा संघबाट लिइसक्नुपर्ने छ ।

**प्रतिनिधि मुकरर:**

संघको निर्वाचनमा सदस्यको हैसियतले मतदान गर्दा व्यक्ति र प्राइभेट फर्मको हकमा जुन व्यक्तिको नाममा सदस्यताको प्रमाणपत्र जारी गरिएको छ निजले मात्र र व्यक्ति र प्राइभेट फर्मबाहेक साझेदारी फर्म, बस्तुगत संघ, कम्पनी तथा प्रा.लि को हकमा सम्बन्धित कम्पनी तथा प्रा.लिको छापसहित मिति २०८३ साल भाद्र १ गते अपरान्ह १:०० बजेभित्र व्यापारिक प्रतिष्ठान वा प्रा. लि. मा संचालक भएको देखिने सक्कल वा प्रमाणित प्रतिलिपि सहित प्रतिनिधि मुकरर गरी संघमा पठाउनु पर्नेछ । यसरी प्रतिनिधि मुकरर गरी पठाएको पत्रमा उल्लेखित व्यक्तिले मात्र निर्वाचनमा सहभागी हुन पाउनेछ । वस्तुगत संघ सदस्यको हकमा वस्तुगत संघका अध्यक्ष वा कार्यसमितिको बैठकबाट कार्यसमितिको निर्णयको प्रमाणित प्रतिलिपिसहित सिफारिस गरिएको वस्तुगत संघको प्रतिनिधिले निर्वाचनमा सहभागी हुन पाउनेछ ।

**निर्वाचन कार्यक्रम:**

**मतदाता खण्ड:**

| क्र.स. | विवरण | मिति तथा समय |
|---|---|---|
| क) | मतदाता नामावली प्रकाशन | २०८३ भाद्र २ गते मंगलवार, बिहान ११:०० बजे । |
| ख) | मतदाता नामावली सच्याउने, दावी विरोध गर्ने र छुट नाम थपको निवेदन दिने | २०८३ भाद्र ३ गते बुधबार, बिहान ११:०० बजेदेखि साँझ ४:०० बजे सम्म । |
| ग) | मतदाताको दावी विरोध उपर छानविन, नाम सच्याउने र छुट भएको नाम थप्ने | २०८३ भाद्र ४ गते बिहीबार, बिहान ११:०० बजेदेखि दिउसो १:०० बजे सम्म । |
| घ) | मतदाताको अन्तिम नामावली प्रकाशन | २०८३ भाद्र ४ गते बिहीबार, साँझ ५:०० बजे सम्म । |

**उम्मेदवारी खण्ड:**

| क्र.स. | विवरण | मिति तथा समय |
|---|---|---|
| क) | उम्मेदवारको मनोनयन पत्र वितरण | २०८३ भाद्र ५ गते शुक्रबार, बिहान ११:०० बजेदेखि साँझ ५:०० बजेसम्म । |
| ख) | उम्मेदवारको मनोनयन पत्र दाखिला गर्ने | २०८३ साल भाद्र ८ गते सोमबार, बिहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म । |
| ग) | उम्मेदवारको नामावली प्रकाशन | २०८३ साल भाद्र ८ गते सोमबार, साँझ ५:०० बजे । |
| घ) | उम्मेदवारको सम्बन्धमा दावी विरोध गर्ने | मिति २०८३ साल भाद्र ९ गते मंगलबार, बिहान १०:०० बजेदेखि अपरान्ह १:०० बजेसम्म । |
| ङ) | उम्मेदवारको सम्बन्धमा दावी विरोध उपर छानविन गर्ने | २०८३ साल भाद्र ९ गते मंगलबार, दिउसो १:१५ बजेदेखि साँझ ५:०० बजेसम्म । |
| च) | उम्मेदवारको दावी विरोधउपरको छानविन पश्चात नामावली प्रकाशन गर्ने | २०८३ साल भाद्र ९ गते मंगलबार, अपरान्ह ५:३० बजे । |
| छ) | उम्मेदवारको नाम फिर्ता लिने | २०८३ साल भाद्र ११ गते बिहीबार, बिहान ११:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म । |
| ज) | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | २०८३ साल भाद्र ११ गते बिहीबार, साँझ ५:०० बजे । |

क) उम्मेदवारहरुले मनोनयन पत्रको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बस्तुगत संघको हकमा सम्बन्धित बस्तुगत संघबाट प्रतिनिधि मनोनयन भएको सिफारिस पत्र र बैठकको निर्णयको प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।
ख) उम्मेदवारहरुले संघको निर्वाचन नियमावलीको परिच्छेद ४ को दफा ८ ग घ, न र छ को २०८३ मा भएको संशोधन बमोजिमको उम्मेदवारी मनोनयन पत्र दस्तुर बुझाउनु पर्नेछ । यसरी बुझाएको रकम पछि उम्मेदवारी फिर्ता भएपनि रकम फिर्ता हुने छैन ।
ग) मतपत्रमा उम्मेदवारहरुको नाम नेपाली वर्णानुक्रम अनुसार राखिने छ ।
घ) करचुक्ता प्रतिलिपि स्वयंम् प्रमाणित गरेर पेश गर्नुपर्नेछ ।
ङ) संघलाई बुझाउनु पर्ने बाँकी रकम वा संघबाट कुनै काम गर्न पेश्की रकम लिएर बिल भर्पाइ नबुझाएको, पेश्की फर्छौट नगरेको देखिएमा निजको उम्मेदवारी स्वत: खारेज हुनेछ ।

**उम्मेदवारको योग्यता:**

क) संघको सदस्यता प्राप्त भएको मितिले २ वर्ष पुरा भएको नवीकृत साधारण सदस्य, औद्योगिक सदस्यहरूको प्रमाणपत्र जुन व्यक्तिको नाममा यस संघमा दर्ता भएको छ निजले र वस्तुगत संघ सदस्यको हकमा सम्बन्धित वस्तुगत संघको कार्य समितिको बैठकको निर्णयबाट (मतदाता नामावली प्रकाशन हुनुभन्दा अगाडी पेश भएका) तोकिएको प्रतिनिधि मात्र निर्वाचनमा उम्मेदवार हुन पाउने छन् । वस्तुगत बाहेकका जुनसुकै पदमा उम्मेदवार हुन २ वर्ष अगाडीबाट संघमा दर्ता फर्ममा प्रोप्राइटर/सञ्चालक भएको हुनुपर्ने छ । शेयर खरीद गरी सञ्चालक भएको दुई वर्ष पूरा नभएको सञ्चालक वा प्रतिष्ठानले मतदान गर्न पाउने छ भने उम्मेदवार हुन पाउने छैन ।
ख) अध्यक्ष पदमा उम्मेदवार हुन ३० वर्ष पूरा गरेको र एक कार्यकाल संघको कार्य समितिमा रहेर काम गरेको व्यक्ति हुनुपर्ने छ ।
ग) वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष (उद्योग), उपाध्यक्ष (वाणिज्य), महासचिव, कोषाध्यक्ष, उपमहासचिव तथा कार्यसमिति सदस्य पदमा उम्मेदवार हुन २५ वर्ष पूरा गरेको हुनु पर्दछ ।
घ) पोउवासंघको विधानको परिच्छेद ४ बमोजिम संघमा सदस्य कायम भएको हुनुपर्ने छ ।

**प्रस्तावक र समर्थक**

| क्र.सं. | पद | प्रस्तावक | समर्थक | क्र.सं. | पद | प्रस्तावक | समर्थक |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | ५ जना सदस्य | १० जना सदस्य | ६ | कोषाध्यक्ष | ३जना सदस्य | ७ जना सदस्य |
| २ | वरिष्ठ उपाध्यक्ष | ३ जना सदस्य | ७ जना सदस्य | ७ | उप महासचिव | ३ जना सदस्य | ७ जना सदस्य |
| ३ | उपाध्यक्ष उद्योग | ३ जना सदस्य | ७ जना सदस्य | ८ | कार्यसमिति सदस्य (साधारणतर्फ) | २ जना साधारण सदस्य | ५ जना साधारण सदस्य |
| ४ | उपाध्यक्ष वाणिज्य | ३ जना सदस्य | ७ जना सदस्य | ९ | कार्यसमिति सदस्य (औद्योगिक तर्फ) | २ जना औद्योगिक सदस्य | २ जना औद्योगिक सदस्य |
| ५ | महासचिव | ३ जना सदस्य | ७ जना सदस्य | १० | कार्यसमिति सदस्य (वस्तुगत तर्फ) | १ जना वस्तुगत सदस्य | २ जना वस्तुगत सदस्य |

- अध्यक्ष पदको कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थकमा बसीसकेका सदस्यले सोही पदको अर्को उम्मेदवारको प्रस्तावक वा समर्थकमा बस्न पाइने छैन ।
- वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष उद्योग, उपाध्यक्ष वाणिज्य, महासचिव, कोषाध्यक्ष, उपमहासचिव पदको कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थकमा बसिसकेको सदस्यले सोही पदको अर्को उम्मेदवारको प्रस्तावक वा समर्थकमा बस्न पाइने छैन ।
- कार्यसमितिको सदस्य पद (साधारण सदस्यहरु तर्फबाट) को उम्मेदवारको हकमा कुनै एक उम्मेदवारको प्रस्तावक र अर्को एक उम्मेदवारको समर्थक हुन सक्नेछ ।
- कार्य समिति सदस्य (औद्योगिक सदस्यहरु तर्फ) कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थकमा बसीसकेका सदस्यले सोही पदको अर्को उम्मेदवारको प्रस्तावक वा समर्थकमा बस्न पाइने छैन ।
- कार्य समिति सदस्य (वस्तुगत सदस्यहरुतर्फ) पदको उम्मेदवारको हकमा कुनै एक उम्मेदवारको प्रस्तावक र अर्को एक उम्मेदवारको समर्थक हुन सक्नेछ ।
- कुनै पनि उम्मेदवार प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।

**उम्मेदवार परिचय कार्यक्रम :**

मिति : २०८३ साल भाद्र १३ गते शनिबार ।
समय : अपरान्ह १:०० बजेदेखि पोउवा संघको सभा कक्षमा सबै पदका उम्मेदवारहरुको उम्मेदवार परिचय कार्यक्रम सञ्चालन गरिने छ ।
मतदान कार्यक्रम : २०८३ भाद्र २१ गते आइतबार बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म ।
मतदान केन्द्र : पोखरा उद्योग वाणिज्य संघ, गैहापाटन, पोखरा ।
मतगणना : २०८३ साल भाद्र २२ गते बिहान ८:०० बजेदेखि ।
मत परिणाम घोषणा: मत गणना सम्पन्न भएपश्चात ।

**दामु अधिकारी**
संयोजक
निर्वाचन समिति-२०८३

# पोखरामा विविध कार्यक्रमसहित मनाइयो युवा दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

अन्तरराष्ट्रिय युवा दिवस बुधबार पोखरामा विविध कार्यक्रमसहित मनाइयो। दिवसका अवसरमा कविता गोष्ठीदेखि नाटक प्रदर्शनसम्मका गतिविधि भए ।

गण्डकी प्रदेश सरकारको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले खुला कविता प्रतियोगिता आयोजना गऱ्यो । प्रतियोगितामा पोखरा महानगरपालिका-१७ का स्रष्टा संयोग बस्यालको कविता प्रथम भएको मन्त्रालयका शाखा अधिकृत हीराबहादुर थापा मगरले जानकारी दिनुभयो । स्रष्टा मदन घिमिरेको कविताले दोस्रो, मिलन अधिकारी तेस्रो, सोनिया बास्तोला र आदर्श लम्सालले सान्त्वाना स्थान प्राप्त गर्नुभयो । पुरस्कृत स्रष्टालाई क्रमशः रु १५ हजार, १२ हजार, १० हजार र पाँच/पाँच हजार नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिएको थियो । सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ र मन्त्रालयका सचिव डा शेषनारायण पौडेलले पुरस्कार प्रदान गर्नुभएको थियो ।

प्रतियोगितामा १८ जना स्रष्टाले सहभागिता जनाएकामा तीमध्ये १० जना छनोट भई आजको समारोहमा कवितावाचन गरेका थिए । गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोगमा कविता प्रतियोगिता आयोजना गरिएको शाखा अधिकृत थापा मगरले बताउनुभयो ।

पोखरा महानगरपालिका, नगर युवा परिषद्‌ले पनि रचनात्मक क्रियाकलापसहित दिवस मनाएको छ । सांस्कृतिक कार्यक्रम, मानसिक स्वास्थ्यसम्बन्धी नाटक प्रदर्शन, युवा उद्यमशीलता प्रवर्द्धनलगायतका कार्यक्रम गरिएको परिषद्‌ले जनाएको छ।

कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले युवाहरूलाई नयाँ अवसर प्रदान गरी उद्यमशीलता र नेतृत्व क्षमताको विकासमार्फत सशक्तीकरण गर्न महानगरपालिका प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले युवाको क्षमता, सिर्जनशीलता र ऊर्जालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न स्थानीय सरकारले आवश्यक वातावरण निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

यस्तै, पोखरा जेसिजले 'थिम' सेमिनारसँगै साहित्यिक साँझको आयोजना गरी दिवस मनाएको हो । 'परिष्कृत युवाः सशक्त नेतृत्व' विषयमा आयोजित सेमिनारमा गण्डकी विश्वविद्यालयका कुलपति प्राडा इन्द्रप्रसाद तिवारी, गण्डकी प्रज्ञा प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठ र जेनेरेसन जेडका युवा नेतृत्वकर्ता रक्षा बम वक्ताका रूपमा सहभागी हुनुभएको थियो । साहित्यिक साँझमा बाबु त्रिपाठी, शिव त्रिपाठी, प्राञ्जल, गीता अधिकारी (जुनु), त्रुपकलगायतले सिर्जना वाचन गर्नुभएको थियो । पोखराका अन्य सङ्घसंस्थाले पनि विभिन्न कार्यक्रम गरी युवा दिवस मनाएका छन् ।

# छनोट भएका खेलाडी फेवातालमा प्रशिक्षणमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ सम्म जापानको आइची-नागोयामा आयोजना हुने २० औं एसियाली खेलकुदका लागि नेपालबाट क्यानोइङतर्फ छनौट भएका दुई खेलाडी हाल पोखराको फेवातालमा प्रशिक्षणमा व्यस्त हुनु भएको छ ।

कायक स्लालम तथा कायक क्रस विधामा प्रतिस्पर्धा गर्ने गरी विजय माझी र आशिष राना मगर राष्ट्रिय टोलीमा छनौट भई हाल केही दिन अघिदेखि फेवातालमा प्रशिक्षणमा रहनु भएको हो । नेपाल र्‍याफ्टिङ एन्ड क्यानोइङ संघका प्रमुख प्रशिक्षक निमबहादुर मगरको प्रशिक्षणमा उहाँहरुलाई प्रशिक्षण गराइएको छ । प्रतियोगितालाई लक्षित गर्दै प्राविधिक क्षमता, शारीरिक फिटनेस र प्रतिस्पर्धात्मक कौशलमा अभ्यास गराइएको प्रशिक्षक मगरले बताउनु भयो । २५ वर्षीय विजय माझीका लागि एसियाली खेलकुदको यात्रा अझ विशेष छ । केही वर्षअघिसम्म तमोर नदीमा पर्यटकको सुरक्षाका लागि र्‍याफ्टिङ गाइडका रूपमा काम गरेका विजय अहिले नेपाली झण्डा बोकेर एसियाको ठूलो बहुराष्ट्रिय खेलकुद प्रतियोगितामा प्रतिस्पर्धा गर्ने तयारीमा हुनुहुन्छ । तमोरको तीव्र बहाव र चुनौतीपूर्ण जलयात्रामा पर्यटकलाई सुरक्षित रूपमा नदी पार गराउने क्रममा हासिल गरेको अनुभवलाई उहाँ अहिले खेलकुदमा उपयोग गरि रहनु भएको छ । र्‍याफ्टिङ गाइडबाट सुरु भएको उहाँको यात्रा निरन्तर अभ्यास र मेहनतसँगै राष्ट्रिय टोली हुँदै एसियाली खेलकुदसम्म आइपुगेको हो । प्रशिक्षक मगरका अनुसार फेवातालमा भइरहेको प्रशिक्षणमा खेलाडीको प्राविधिक दक्षता र शारीरिक तयारीसँगै अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि आवश्यक रणनीतिमा समेत जोड दिइएको छ । प्रतियोगिता नजिकिँदै जाँदा प्रशिक्षणलाई थप प्रभावकारी बनाउँदै लगिएको उहाँले बताउनुभयो ।

पोखरा जलखेलका लागि महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको अवस्थामा फेवातालमा भइरहेको यो प्रशिक्षणले नेपालको क्यानोइङ खेलको सम्भावनालाई समेत देखाएको मगरले दाबी गर्नुभयो ।

## पूर्व...

भन्ने गरेको छु मैले जीवनमा राष्ट्र, लोकतन्त्र, नागरिक, संविधान र कानुनलाई सर्वोपरी मानी काम गरेको छु," उहाँले अपिलमा भन्नुभएको छ, "कानुन र नीति विपरित परित कुनै काम गरेको छैन । मेरो जीवन खुला किताब हो । म प्रतिज्ञा गर्दछु अझ पनि जीवन रहँदासम्म राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मुलुक र जनताको सर्वोत्तमहीत, संविधान कानुन र नैतिकता मूल्य मान्यता अनुरूप काम गर्नेछु ।"

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरिलिअस्

## सम्पादकीय

# देउवालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भव्य स्वागत

गत वर्षको भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा बूढानीलकण्ठस्थित घरमै बसिरहेका देउवा आन्दोलनकारीहरूको कठोर निशानामा परेका थिए । आन्दोलनकारीको एक समूहले देउवा दम्पत्तिमाथि आक्रमण मात्रै गरेन, लछार पछार गऱ्यो, घर पनि खरानी हुने गरी जलाइदियो । जेन-जी आन्दोलनले राष्ट्रिय राजनीतिक शक्ति सन्तुलनमा ठूलो फेरबदल ल्यायो । सबै पुराना राजनीतिक दल आन्दोलनबाट सिर्जित शक्तिबाट किनारा लाग्दा देउवाले तत्कालीन सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको नेतृत्व गरिरहेका थिए ।

आन्दोलनबाट घाइते हुँदै सिर्जित नयाँ शक्ति र सरकारको निशानामा परेका देउवालाई कांग्रेसभित्रकै गगन थापा पक्षले पुसको अन्तिम दोस्रो विशेष महाधिवेशन गरेर पार्टीको मूलधारबाट किनारा लगाइदियो । त्यसपछि फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकै आइरहेका बेला फागुन १३ गते उपचारका लागि भन्दै देउवा दम्पती सिंगापुर प्रस्थान गरेका थिए । थापा नेतृत्वको कांग्रेसले उनलाई टिकटबाट वञ्चित गरेर साढे तीनदशकदेखि डडेलधुराबाट अविच्छिन्न निर्वाचित हुँदै आएको कीर्तिमानमा पूर्णविराम लगाइदियो । यसबाट देउवाको राजनीति थप जोखिममा परेको थियो । फागुन २१ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनले फेरि कांग्रेस सहित सबै पुराना पार्टीलाई औपचारिक रूपमै जनमतबाट किनारा लगायो ।

निर्वाचनबाट कांग्रेस प्रतिपक्षी शक्ति त बन्यो तर, नाम मात्रको । जतिबेला देउवा सिंगापुरमा थिए । निर्वाचनपश्चात् बनेको वालेन्द्र शाह नेतृत्वको सरकारले गौरीबहादुर कार्की नेतृत्वले तयार गरेको जेन-जी आन्दोलनको अनुसन्धान प्रतिवेदन कार्यान्वयनको नाममा चैत १४ गते नै पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई गिरफ्तार गऱ्यो । त्यसअगाडि नै चैत ७ गते देउवा दम्पती सिंगापुरबाट हङकङ गइसकेका थिए । यससँगै सरकारले सम्पत्ति शुद्धीकरणको नाममा पनि धरपकडलाई अगाडि बढायो । जसको पहिलो निशानामा कांग्रेस नेता तथा पूर्वमन्त्री दीपक खड्का परे । सरकारले देउवा दम्पतीमाथि पनि सम्पत्ति शुद्धीकरण मुद्दामा चैत २५ गते जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी जारी गऱ्यो ।

त्यसपछि देउवा दम्पती नेपाल फर्किएनन् । नेपाल प्रहरीले देउवा दम्पत्तिलाई पक्राउ गर्न इन्टरपोलमार्फत प्रक्रिया पनि अगाडि बढाउने प्रयास गऱ्यो । तर, उक्त प्रक्रिया सफल हुन सकेन । इन्टरपोलले सरकारबाट दुई पटकसम्म गरिएको आग्रहलाई बेवास्ता गरिदियो । त्यहीबीचमा देउवाले सरकारलाई पत्र लेख्दै आफूहरू उपचारको सिलसिलामा विदेश रहेकाले काम सकेपछि स्वदेश फर्किएर अनुसन्धानमा सहयोग पुऱ्याउने भनेर पत्र पठाएका थिए । तर, जेठ ११ गते काठमाडौं जिल्ला अदालतबाट जारी भएको पक्राउ पुर्जीविरुद्ध दर्ता भएको रिटमा सर्वोच्च अदालतका न्यायाधीशद्वय नित्यानन्द पाण्डेय र महेश शर्मा पौडेलको इजलासले पक्राउ नगर्न अन्तरिम आदेश दियो । त्यसपछि बिहीबार आफूले भनेकै समयमा देउवा स्वदेश फर्किएका छन् । काङ्ग्रेसको विशेष महाधिवेशनबाट नेतृत्वमा पुगेको गगन थापा समूहलाई पार्टी एकताको लागि दबाब परेको छ । देशको पुरानो लोकतान्त्रिक दललाई विभाजनबाट जोगाउन देउवाले लिने अभिभावकीय भूमिका महत्वपूर्ण हुनेछ ।

देउवा स्वदेश फर्किएपछि जारी गरेको सन्देशमा आफू उपचार गरेर देशको साझा दायित्वप्रति गहिरो सम्मान व्यक्त गर्दै फर्किएको बताएका छन् । यसका साथै, उनले शक्ति प्राप्त गर्न नभएर राष्ट्रिय एकता सुदृढ गर्नु आफ्नो कर्तव्य भएको उल्लेख गरेका छन् ।

# कागबेनी–छुसाङ सडक निर्माण सुरु

पोखरापत्र संवाददाता
मुस्ताङ, २८ साउन

छुसाङ–कागबेनी १० किलोमिटर सडक निर्माण सुरु भएको छ ।

बेनी–जोमसोम–कोरला सडक आयोजनाले रु २८ करोड ८७ लाखमा सम्झौता गरी उक्त सडक निर्माण थालेको हो ।

विसं २०८४ साल असार २४ गतेसम्म उक्त खण्डको निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता भएको आयोजनाकाप्रतिनिधिसागरसुवेदीले जानकारी दिनुभयो । आयोजनाले जोमसोम–कोरला सडकखण्डको छुसाङदेखि घमीसम्मको ४२ किलोमिटर सडकको कालोपत्र पूरा गर्न बोलपत्र आह्वान गरी सकेको छ । उक्त खण्डको लागत रु दुई अर्ब रहेको छ ।

# तमानखोला गाउँपालिकाको उदाहरणीय काम

पोखरापत्र संवाददाता
बागलुङ, २८ साउन

तमानखोला गाउँपालिकाले स्वास्थ्यसम्बन्धी उदाहरणीय काम गरेको छ । किसानका गोठमा पुगेर उनीहरूको स्वास्थ्य परीक्षण र निःशुल्क औषधि वितरण गरी प्रशंसनीय काम गरेको हो ।

ढोरपाटन सिकार आरक्ष क्षेत्र, गुर्जाका किसानको गोठमै पुगेर स्वास्थ्य परीक्षण तथा औषधि वितरण गरपछि गोठमा बसोबास गर्ने किसान खुसी भएका छन् । किसान शेरबहादुर विकले खेतीपातीको काममा व्यस्त हुँदा स्वास्थ्य संस्था जान कठिन हुने अवस्थामा गोठमै स्वास्थ्य सेवा पाउँदा खुसी लागेको बताउनुभयो । तमानखोला गाउँपालिका-१ का नागरिक हरेक वर्ष घुम्ती बसाईंका क्रममा गुर्जामा गोठ बनाई केही महिना उक्त स्थानमा आलुखेती तथा पशुपालन गर्ने गर्छन् । पालिकाबाट टाढा तथा उच्च पहाडी क्षेत्रमा बसोबास गर्नुपर्ने भएकाले सामान्य स्वास्थ्य समस्या हुँदासमेत तत्काल स्वास्थ्य संस्थासम्म पुग्न कठिन हुने अवस्थालाई बुझी गत मङ्गलबार गुर्जामा स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । शिविरमा ८० जना किसानले स्वास्थ्य परीक्षण गराउनुभएको थियो । शिविरमा किसानको प्रेसर, ज्वरोलगायत स्वास्थ्य जाँच गर्नुका साथै आवश्यकताअनुसार निःशुल्क औषधि वितरणका साथै परिवार नियोजनसम्बन्धी सेवा तथा परामर्शसमेत प्रदान गरिएको थियो ।

उच्च पहाडी क्षेत्रमा लामो समयसम्म बस्नुपर्ने भएकाले किसानलाई सामान्य स्वास्थ्य समस्या देखिनसक्ने भन्दै झाडापखाला तथा सामान्य चोटपटक लाग्दा खाने औषधि पनि निःशुल्क वितरण गरिएको थियो । गुर्जामा बागलुङसँगै म्याग्दीको धौलागिरि गाउँपालिकाका स्थानीयको बसोबास छ । उक्त क्षेत्रमा करिब १५० किसानले घुम्ती बसोबास गर्दै आएका छन् । यहाँका अधिकांश किसानको मुख्य आम्दानीको स्रोत आलुखेती हो । उच्च पहाडी भूभागमा उत्पादन हुने आलुखेतीका लागि किसान वर्षायाममा लामो समय गुर्जामा बस्ने गर्दछन् । किसानलाई मोबाइल चार्जिङलगायत समस्या समाधान गर्न गाउँपालिकाले यसअघि गुर्जामा संयुक्त चार्जिङ स्टेशन निर्माण गरेको छ । गाउँपालिकाले गत वर्ष पनि गुर्जामा पुगेर किसानको स्वास्थ्य परीक्षण गरेको थियो ।

# रघुगङ्गामा करदाता सेवा सुरु

पोखरापत्र संवाददाता
पोखरा, २८ साउन

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा बुधबारदेखि करदाता सेवा सुरु भएको छ ।

मौवाफाँटमा रहेको गाउँपालिकाको कार्यालयले स्थायी लेखा नम्बर जारी, व्यवसायको आयकरमा दर्ता, स्थायी लेखा नम्बर दर्तासँग सम्बन्धित संशोधन र दर्ता खारेजी भएका व्यावसायिक स्थायी लेखा नम्बरलाई व्यक्तिगत स्थायी लेखा नम्बरमा रुपान्तरण गर्नेसम्बन्धी सेवा सुरु गरेको हो ।

यसअघि यी सेवा लिनका लागि म्याग्दीका सेवाग्राही आन्तरिक राजस्व कार्यालय बागलुङ जाने गरेका थिए । करदातासम्बन्धी सेवाका लागि बागलुङ जान, आउन लाग्ने समय र खर्चको बचत भई सर्वसाधारणलाई सहज भएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो । अध्यक्ष भण्डारी र आन्तरिक राजस्व कार्यालय बागलुङका प्रमुख कर अधिकृत कपिल सिलवालले सेवाग्राहीलाई व्यासायिक र व्यक्तिगत लेखा नम्बर दर्ता प्रमाणपत्र प्रदान गरेर सेवा शुभारम्भ गर्नुभएको हो । पहिलो पटक अनु अस्विनी कृषि तथा पशुपक्षी फार्मका सञ्चालक रघुगङ्गा गाउँपालिका-३ मौवाफाँटकी भदेवी तिलिजालाई व्यावसायिक र माधव भण्डारीलाई व्यक्तिगत लेखा नम्बर प्रदान गरिएको थियो ।

सङ्घीय सरकारले २०८३ कात्तिक १७ गते स्थानीय तहबाट करदाता सेवा प्रदान गर्ने निर्णय गरेको थियो । मौवाफाँटका व्यवसायी रमेश शर्माले गाउँपालिकाबाटै करदातासम्बन्धी सेवा उपलब्ध भएपछि भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रका व्यवसायी र उद्यमीलाई सहज भएको बताउनुभयो । "रु एक हजार कर तिर्नका लागि रु दुईदेखि तीन हजार खर्चेर बागलुङ जान, आउन हुने दुर्गम कुइनेमङ्गले, पाखापानी जस्ता बस्ती भएका रघुगङ्गाका बासिन्दालाई करदाता सेवाले समयको बचत र खर्च घटाएको छ," उहाँले भन्नुभयो, "सेवाको निरन्तरता आवश्यक छ।" सेवाले प्रशासनिक सङ्घीयतालाई बलियो बनाउने र यस कार्यक्रमले कर प्रशासनको कामलाई विकेन्द्रित गर्दै स्थानीय तहलाई थप मजबुद बनाउन सहयोग पुग्ने आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत सिलवालले बताउनुभयो । उहाँका अनुसार कर कार्यालयको कार्यक्षेत्र भएका जिल्लाहरू बागलुङ, पर्वत, मुस्ताङ र म्याग्दीका स्थानीय तहहरूमध्ये म्याग्दीको रघुगंगा र बेनी नगरपालिकासहित छवटा स्थानीय तहले करदाता सेवा सञ्चालन गरेका छन् । गाउँपालिकाका मौजुदा कर्मचारीलाई तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापन गरेर करदाता सेवा सञ्चालन गरिएको रघुगङ्गाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले जानकारी दिनुभयो ।

करदातालाई सहजता हुने, कर भुक्तानीको लागत र समय घट्ने, स्थानीय सरकारको 'आयस्रोत' सक्षमता बढ्ने आधारमा वृद्धि हुने, सुशासन प्रवर्धनमा सहयोग पुग्ने उहाँको भनाइ छ ।

# निर्यातभन्दा आयात पाँचगुणा बढी

पोखरापत्र संवाददाता
तनहुँ, २८ साउन

गण्डकी प्रदेशको प्रवेशद्वार आँबुखैरेनीस्थित कृषि तथा पशुपक्षी नियमन इकाइबाट पछिल्लो छ महिनाको अवधिमा निर्यातभन्दा आयात पाँचगुणाले बढी भएको छ ।

इकाइबाट प्राप्त तथ्याङ्कअनुसार ५४२ मेट्रिकटन तरकारी तथा फलफूल निर्यात हुँदा दुई हजार ९०७ मेट्रिकटन आयात भएको कृषि विकास कार्यालय तनहुँका प्रमुख परशुराम अधिकारीले जानकारी दिनुभयो । उक्त अवधिमा २६६ मेट्रिकटन तरकारी निर्यात हुँदा एक हजार ५९६ मेट्रिकटन तरकारी आयात भएको छ । एक सय ९८ मेट्रिकटन फलफूल निर्यात हुँदा ७३८ मेट्रिकटन फलफूल आयात भएको छ । खाद्यान्नबालीतर्फ ७८ मेट्रिकटन निर्यात हुँदा ५७३ मेट्रिकटन आयात भएको छ । तनहुँ, गोरखा, कास्की, लमजुङले निर्यात गर्दा चितवन, धादिङ, गोरखा, मकवानपुर र नवलपुरले आयात गर्ने गरेका छन् ।

कार्यालयको तथ्याङ्कअनुसार तनहुँ हुँदै कृषिउपज मुख्य रूपमा गोरखा, कास्की र लमजुङ जिल्लामा निर्यात हुने गरेका छन् । विशेषगरी मौसमी तरकारी, फलफूल तथा स्थानीय उत्पादनको माग ती जिल्लामा रहेकाले निर्यात हुने गरेको अधिकारीको भनाइ छ । तनहुँ जिल्ला हुँदै चितवन, धादिङ, गोरखा, मकवानपुर र नवलपुर जिल्लाबाट आयात हुने गरेको छ । गण्डकी प्रदेशका विभिन्न जिल्लामा पर्याप्त उत्पादन नहुने मौसममा तरकारी तथा फलफूल बाहिरी जिल्लाबाट भित्रिने गरेको अधिकारीले बताउनुभयो ।

अधिकारीका अनुसार तनहुँमा व्यावसायिक तरकारीखेती, सुन्तलाजात फलफूल, धान, मकै तथा अन्य खाद्यान्न उत्पादनमा कृषकको आकर्षण बढ्दै गएको छ । सिँचाइ, कृषि सडक, प्रविधि र बजार व्यवस्थापनमा थप सुधार गर्नसके जिल्लाको उत्पादन क्षमता अझ वृद्धि हुने सम्भावना रहेको उहाँको भनाइ छ ।

कृषि विकास कार्यालयले उत्पादन वृद्धि, व्यवसायीकरण तथा बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । कृषकलाई अनुदान, प्राविधिक सेवा तथा आधुनिक खेती प्रविधि उपलब्ध गराउने कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नसके आगामी दिनमा आयात प्रतिस्थापनसँगै निर्यात वृद्धि गर्न सकिने विज्ञहरुको भनाइ छ ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
लमजुङ

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू. सैनिक नं. ५०३८३३१ A ४/१ जि.आर. का हवल्दार सुक बहादुर गुरुङको पत्नी वि माया गुरुङले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ३१८४) मा नामथर वि माया तमाङ र जन्म मिति वि.स. २०००/०४/१५ (ई.स. १९४३-०७-३०) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर वि माया गुरुङ र जन्म मिति वि.स. २००८/०७/०२ (ई.स. १९५१-१०-१९) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. १४३ मिति २०८३/०४/२६ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा पर्वत जिल्ला विहादी गाउँपालिका वडा नं. १ बस्ने भारतीय आर्मी नं. ५२४२०७६A हवल्दार भैरव बहादुर क्षेत्रीको श्रीमती डिलमया खत्रीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर डिलमाया खत्री, जन्म मिति वि. सं. २०१८/०३/०५ (सन 19 June, 1961) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर डिलमाया क्षेत्री (Dil Maya Chhetri), जन्म मिति ०१ जुलाई १९६० उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ती एउटै भएको भनी विहादी गाउँपालिका १ नं. वडा कार्यालय पर्वतको च.नं. ६७, मिति २०८३/०४/२५ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | कार्यमा सफलता | तुला | व्यापारमा लाभ |
| वृष | अप्रत्यसित लाभ | वृश्चिक | झमेला बढ्ने |
| मिथुन | शारीरिक झमेला | धनु | शुभ यात्रा |
| कर्कट | सत्कार मिल्नेछ | मकर | स्वास्थ्यमा सुधार |
| सिंह | मानसिक तनाव | कुम्भ | आर्थिक समस्या |
| कन्या | सहयोग मिल्नेछ | मीन | शत्रुको भय |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।



## एउटै व्यक्ति भएको सूचना





बागलुङ जिल्ला जैमिनी नगरपालिका वडा नं. ६ साविक अर्जेवा गा.वि.स. वडा नं. ७ निवासी भारतीय भू.पू.सै.नं ५८४८९४४ P पल्टन ३/९ गोर्खा राईफलका हवल्दार सुरेन्द्र बहादुर खत्री (नेपाली नागरिकता प्रमाणपत्रको नाम थर सुरेन्द्र बहादुर क्षेत्री) को भारतीय पेन्सन अभिलेखमा निजको, पत्नीको र छोरा-छोरीहरुको नाम थर र जन्म मिति तपशिल बमोजिमको रहेको तर निजहरुको नेपाली नागरिकता प्रमाणपत्रमा तपशिल बमोजिमको भई फरक परेका कारणले तपशिलमा उल्लेखित दुई नाम थर र दुई जन्ममिति भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी जैमिनी नगरपालिका, ६ नं. वडा कार्यालय, अर्जेवा, बागलुङको च.नं. ४० मिति २०८३/०४/२० गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा अनुरोध छ।

तपसिल:

| क्र.स. | नेपाली नागरिकतामा भएको | | नाता | पेन्सन सम्बन्धी कागजातहरूको विवरण | |
|---|---|---|---|---|---|
| | नामथर | जन्ममिति | सम्बन्ध | नामथर | जन्ममिति |
| १ | सुरेन्द्र बहादुर क्षेत्री | २०३३/१०/२० | पेन्सनर | सुरेन्द्र बहादुर खत्री Surendra Bahadur Khattri | 26 Sept., 1978 |
| २ | धन कुमारी क्षेत्री | २०४२।०९।०८ | श्रीमती | धन कुमारी खत्री Dhan Kumari Khattri | 20 Dec., 1986 |

जिल्ला प्रशासन कार्यालय, बागलुङ



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.०८ निवासी भारतीय भु.पु.सै.नं. ५४३८०२० का प्रेम बहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती सन्त कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सन्त कुमारी गुरुङ र जन्ममिति वि.सं. २००३।०४।०१ (ई.सं.१९४६।०७।१६) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर सन्त कुमारी र जन्ममिति वि.सं. २००२।०३।२७ (ई.सं.१९४५।१२।१२) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. १९८ मिति २०८३।०४।२८ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

जिल्ला प्रशासन कार्यालय, कास्की

# म्याग्दीबाट सेवाग्राही खोज्दै पोखरा झरे जनप्रतिनिधि र कर्मचारी

**कृष्ण दवाडी**
कास्की, २८ साउन

हलको एक कुनामा ह्विलचियरमा बसिरहनुभएको थियो हितमान छन्त्याल । हातमा थियो नागरिकता र सामाजिक सुरक्षा भत्ताको परिचयपत्र ।

कर्मचारीले नजिक आउन इसारा गरेपछि उहाँ ह्विलचियरमै बिस्तारै बोलाइएको स्थानमा जानुभयो । आफ्नो विवरण जाँच गराउनुभयो, कागजात रुजु भयो र केहीबेरमै काम सकियो । काम पूरा भएपछि उहाँको अनुहारमा देखिएको खुसीले लामो यात्राको झन्झटबाट मुक्ति पाएको अनुभूति गराएको थियो ।

म्याग्दीको धवलागिरि गाउँपालिका-५ स्थायी घर भएका छन्त्याल हाल पोखरा-१६, दीपमा बस्दै आउनुभएको छ । उहाँले विसं २०५६ देखि शारीरिक अशक्तताका आधारमा सामाजिक सुरक्षा भत्ता पाउँदै आउनुभएको छ । प्रत्येक आर्थिक वर्षको सुरुआतमा सामाजिक सुरक्षा भत्ताको परिचयपत्र नवीकरण गर्नुपर्ने भएकाले उहाँ बुधबार बिहान पोखराको नदीपुर स्थित छन्त्याल समाजको भवनमा पुग्नुभएको थियो ।

यसपटक भने उहाँलाई आफ्नो गाउँ फर्किनु परेन । धवलागिरि गाउँपालिकाले पोखरामै आएर सामाजिक सुरक्षा भत्ता नवीकरणलगायतका सेवा उपलब्ध गराएपछि छन्त्यालजस्ता धेरै सेवाग्राहीका लागि गाउँसम्म पुग्नुपर्ने बाध्यता हटेको हो । "बर्खाको समय, बाटो पनि अप्ठ्यारो । आउन जान खर्च पनि बढी लाग्ने, दुःख हुने गर्थ्यो तर अहिले पोखरामै बसेर आफ्नो काम पूरा गर्न पाइयो । अत्यन्त खुसी छु," छन्त्यालले भन्नुभयो । गाउँपालिकाकोसेवाबसोबासभएको सहरमा पाएपछि अन्य सेवाग्राही पनि उत्साहित देखिन्थे । पोखरा-१९ लामाचौरमा बस्दै आउनुभएकी सुनकुमारी विकले ससुराको सामाजिक सुरक्षा भत्ता नवीकरण पोखरामै एकै दिनमा गर्न पाउँदा समय र खर्च दुवै बचत भएको बताउनुभयो । "गाउँ जान धेरै समय लाग्थ्यो।यहीँबाटैबनाउनपायौँ,खुसी छौँ," उहाँले भन्नुभयो । धवलागिरि गाउँपालिकाले पोखरामा अस्थायी रूपमा बसोबास गर्दै आएका आफ्ना नागरिकलाई लक्षित गरी सेवा शिविर सञ्चालन गरेको हो । सुरुमा एक दिनका लागि आयोजना गरिएको शिविरमा सेवाग्राहीको चाप बढेपछि गाउँपालिकाले सेवा प्रवाहको समय थपेको छ । गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनका अनुसार पोखरामा अस्थायी रूपमा बसोबास गर्दै आएका पालिकावासीलाई सहज



रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो । शिविरमार्फत सामाजिक सुरक्षा भत्ता नवीकरणदेखि पञ्जीकरण सेवा प्रदान गरिएको छ । सामाजिक सुरक्षा भत्ताका लागि गाउँपालिकामा नाम दर्ता भएका तर हाल पोखरा तथा आसपासका क्षेत्रमा बसोबास गरिरहेका ज्येष्ठ नागरिक, अशक्त तथा बिरामी लाभग्राहीलाई विशेष गरी बर्खाको समयमा गाउँसम्म पुगेर सेवा लिन कठिन भएकाले जनप्रतिनिधि र कर्मचारी सहर झरेर सेवा दिन थालेको अध्यक्ष पुनले बताउनुभयो ।

"धवलागिरि गाउँपालिका स्थायी घर भएर हाल पोखरामा बसोबास गरिरहनुभएका र बसाइँसराइ नगर्नुभएका नागरिकलाई घरदैलोमै सेवा दिने उद्देश्यले कार्यक्रम आयोजना गरेका हौँ । सामाजिक सुरक्षा भत्ता नवीकरणसँगै वडामा हुने पञ्जीकरणका काम शिविरबाट प्रदान गरेका छौँ," गाउँपालिका अध्यक्ष पुनले भन्नुभयो ।

गाउँपालिकाबाट प्रदान हुने सेवा तथा सुविधाबाट कुनै पनि नागरिक वञ्चित हुन नपरोस् भन्ने उद्देश्य रहेको उहाँको भनाइ छ । आवश्यकताअनुसार गाउँपालिकाले कतिपय सेवाग्राहीको घर तथा अस्पतालमै पुगेर सेवा प्रदान गर्दै आएको उहाँले जानकारी दिनुभयो ।

गाउँपालिकाका अनुसार पोखरामा दुई दिनसम्म सञ्चालन हुने शिविरबाट २५० भन्दा बढी सेवाग्राही लाभान्वित हुने अपेक्षा गरिएको छ। गाउँमा रहेको स्थानीय सरकारको सेवा लिन गाउँ नै पुग्नुपर्ने बाध्यताबीच सहरमै सेवा पाएपछि धवलागिरि स्थायी घर भई पोखरामा बस्दै आएकालाई शिविरले थप सहज बनाएको वडा नं ७ का वडाध्यक्ष अशोक खत्री बताउनुहुन्छ । विशेषगरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त तथा बिरामीका लागि बर्खाको कठिन यात्राबाट जोगाउँदै नजिकैबाट सरकारी सेवा उपलब्ध गराउन सफल भएको खत्रीले बताउनुभयो । "गाउँपालिकाले यसरी सहरमा आएर सेवा दिन थालेपछि पोखरा तथा काठमाडौँमा बसाइँसराइ गरेर जाने क्रम घटेको छ । गाउँमा बस्ने मानिस घटे पनि बसाइँसराइ रोकिएको छ," खत्रीले भन्नुभयो ।

पोखरामा सेवा दिनका लागि धवलागिरिका सात वटै वडाका वडाध्यक्ष, वडा सचिव, जनप्रतिनिधिहरू तथा कर्मचारी आएका छन् । म्यादीका स्थानीय तहले सुरु गरेको यो अभियान उदाहरणीय रहेको भन्दै प्रशंसा भएको छ ।

# माउन्ट अन्नपूर्णमा नेपाली निबन्ध लेखन प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २८ साउन

पोखरा ३, नदीपुरमा भिसी मार्गमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयमा कक्षा ११ र १२ का विद्यार्थीलाई लक्षित गरी नेपाली निबन्ध लेखन प्रतियोगिता सम्पन्न भएको छ ।

'सामाजिक सञ्जालले मानव जीवनमा पारेको प्रभाव' विषयमा आयोजित प्रतियोगितामा विद्यार्थीहरूले उत्कृष्ट प्रतिभा तथा सिर्जनशीलता प्रस्तुत गरेका थिए । बुधवार भएको प्रतियोगितामा कक्षा ११ का निसान तिलिजा प्रथम भएका छन्.त्यस्तै कक्षा १२ की कञ्चन पुर्जा पुन द्वितीय तथा कक्षा ११ की अनिला गौचन र खुसी कुमारी सर्राफ तृतीय हुन सफल भएको विद्यालयका प्रिन्सिपल सइन्द्रराज श्रेष्ठले बताए ।

प्रतियोगिताबारे जानकारी दिँदै प्रिन्सिपल श्रेष्ठले विद्यार्थीको सिर्जनात्मक क्षमता र लेखन सीप विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।



विद्यालयका प्रशासक चित्र गुरुङले सामाजिक सञ्जाल आधुनिक जीवनको महत्वपूर्ण माध्यम बने पनि यसको प्रयोगमा सचेत र जिम्मेवार हुनुपर्ने बताए। सामाजिक सञ्जालको सही प्रयोगले ज्ञान, सूचना तथा अवसरको पहुँच विस्तार गर्न सहयोग गर्ने भए पनि यसको अत्यधिक तथा गलत प्रयोगले विद्यार्थीको अध्ययन, समय व्यवस्थापन र सामाजिक व्यवहारमा नकारात्मक असर पार्न सक्ने उनको भनाइ थियो । कार्यक्रममा बिद्यालयका इसिए निर्देशक तेजबहादुर गुरुङ, प्लस टु एकेडेमिक संयोजक गोविन्द सुवेदी, लेखा संयोजक नवराज शर्मा, प्लस टु तर्फका बिभागिय प्रमुखहरु, सोसल सर्भिस कल्बका अध्यक्ष,जेनिफा गुरुङ, म्युजिक आर्ट एन्ड लिट्रेचर कल्वका अध्यक्ष साजन तामाङ,गेम एन्ड स्पोर्स क्लवका अध्यक्ष पंकज श्रीस लगायतको सहभागिता रहेको थियो। गण्डकी प्रदेशकै पहिलो निजी तहबाट सञ्चालित विद्यालयको रुपमा रहेको माउन्ट अन्नपूर्ण माध्यमिक विद्यालयले बिगत १७ बर्ष देखि म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट ,माउंटेनियरिंङ र कम्प्युटर साइन्सको बिषयमा कक्षा १२ सम्म पढाई हुदै आइरहेको छ ।

# स्याङ्जामा ९८ प्रतिशत रोपाइँ सकियो

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ साउन

स्याङ्जामा ९८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको छ । धान रोपाइँ हुने क्षेत्रफलमध्ये साउनको अन्तिम हप्तासम्म झण्डै ९८ प्रतिशत क्षेत्रफलमा रोपाइँ सकिएको कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्लाका चापाकोट टार, जिमुहा, वालिङ, पकान, डौँवा, लामागे, ठूलाडिही, साँखर, चिन्नेबास तथा आँधीखोला, ज्याग्दीखोला र दरौँखोला आसपासका क्षेत्र धान उत्पादन हुने प्रमुख पकेट मानिन्छ । स्थानीय कृषकले उन्नत जातका खुमल, राधा, साँवा मन्सुलीलगायतका र हाईब्रिड युएस ३१२, गोरखनाथ, एरिराइज ६४४४, पिएचबि ७१ जस्ता जातका धानहरु कृषकले रोप्ने गरेका छन् ।

जिल्लामा सामान्य धानका ब्याडहरु र खनेर रोप्ने साना सुर्काहरु बाहेक धान खेती हुने



क्षेत्रफलमा धान रोपाइँ सकिएको कार्यालयले जनाएको छ । असार साउनमा राम्रो वर्षा भएका कारण धानका बिरुवाले राम्ररी जरा, हाँगा हाल्न सजिलो भएकाले यस पटक धान उत्पादन राम्रो हुने अनुमान गरिएको छ । मौसम अनुकुल भएका कारण धानखेती राम्रो हुने देखिएको हो ।

पछिल्लो समय कृषकहरु हाईब्रिड जातका धानखेतिमा आर्कषित हुन थालेका छन् । उत्पादन धेरै हुने कारण हाईब्रिड जातका धान कृषकको रोजाईमा पर्दै गएको छ । स्थानीय र उन्नत जातको धानको तुलनामा हाईब्रिड धानमा उत्पादन धेरै लिन सकिने कृषि विकास कार्यालय स्याङ्जाका सूचना अधिकारी तथा कृषि अधिकृत नारायणप्रसाद पाठकले जनाए । जिल्लामा धान रोपाइँ हुने क्षेत्रफल घट्दै गएको छ । पछिल्लो तथ्यांक अनुसार १३ हजार ६८५ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने भएपनि बढ्दो सहरीकरण, सडक विस्तार र घरघडेरी निर्माणका कारण खेतीयोग्य जमिन घट्दै गएको कार्यालयले जनाएको छ । आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा १४ हजार ३९० हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको थियो ।

# घटेन म्याग्दीमा अनलाइन ठगीका घटना

**सन्तोष गौतम**
म्याग्दी, २८ साउन

आफन्तले 'म्यासेन्जर'मार्फत पठाएको अप्ठ्यारोमा परेको र रु ५० हजार पठाइदिन भनेको देख्नेबित्तिकै बेनीका राजेन्द्र मगर (नाम परिवर्तन)ले क्युआरमा मागेअनुसारको रकम पठाइदिनुभयो ।

"क्युआरमा रकम पठाएपछि आफन्तलाई फोन गरेर जिज्ञासा राख्दा फेसबुक ह्याक गरेर अर्कैले पैसा मागेको थाहा भयो," उहाँले भन्नुभयो, "सामाजिक सञ्जालमा आएको सन्देशको पुष्टि नगरी हतारमा पठाएको पैसा गुम्यो ।" अन्नपूर्ण गाउँपालिकाका सन्देश रोका (नाम परिवर्तन)ले सामाजिक सञ्जालमा देखेको भरमा 'आइफोन' किन्नका लागि भनेर रु दुई लाख 'क्युआर' पठाइदिनुभयो । "पैसा पठाएपछि विज्ञापनमा भएको सम्पर्क नम्बर स्विच अफ भयो, 'पेजनै डिएक्टीभ गरिदियो'," उहाँले भन्नुभयो, "भएको पैसा पनि गयो, आइफोन प्रयोग गर्ने मेरो सपनालाई ठगले चकनाचुर बनाइदियो ।"

बेनी बजारकै सीता कार्की (नाम) परिवर्तनले रु छ सय मूल्य पर्ने कपडा अनलाइन माध्यमबाट खरिद गर्नुभयो । "हेर्दा राम्रो र आकर्षक देखेपछि 'अर्डर' गर्दा पठाएको पैसा आएन भनेर फोन गरेपछि मैले उसले मागेअनुसारको नम्बर र विवरण दिए," उहाँले भन्नुभयो, "बोल्दाबोल्दै मेरो फोन बन्द भयो, खातामा भएको रु तीन लाखसबै रित्ताइदिएछ ।"

ठगिएको रकम फिर्ता माग गरेर बेनीका सीता, राजेन्द्र र अन्नपूर्णका सन्देशले जिल्ला प्रहरी कार्यालयमा गत आर्थिक वर्ष २०८२/०८३ को विभिन्न मितिमा उजुरी गरे पनि रकम फिर्ता पाउन सक्नुभएन । अनलाइन माध्यमबाट हुने ठगी अपराधको नयाँ रुपमा देखा परेको छ ।

**एक वर्षमा रु ८४ लाख गुमाए**

जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक सागर तिमिल्सीनाका अनुसार आर्थिक वर्ष २०८२/०८३ का कार्यालयमा अनलाइन माध्यमबाट ठगीमा परेका ८४ र 'फेक आइडी' बनाएर ठगी भएकासम्बन्धी २१ वटा उजुरी परेका छन् । उजुरीकर्ताहरूले रु ८४ लाख ३५ हजार पाँच सय १० ठगी भएको उजुरी परेकोमा रु १२ लाख ३५ हजार सात सय २० मात्र फिर्ता गराउन सकिएको प्रहरी निरीक्षक तिमिल्सिनाले बताउनुभयो ।

"गत आर्थिक वर्षअघि अनलाइन ठगीको छुट्टै अभिलेख राख्ने गरेका थिएनौं, उजुरीको सङ्ख्या बढ्दै गएपछि सूचना प्रविधि शाखानै बनाएर अनुसन्धान गर्न थालिएको छ," उहाँले भन्नुभयो, "अनलाइन ठगीसम्बन्धी गत वर्ष दुई वटा उजुरीको मात्रै अनुसन्धान गरी संलग्नलाई पहिचान तथा पक्राउ गरी मुद्दा चलाएका छौं ।" चालु आर्थिक वर्षको चार हप्ताको अवधिमा परेका सात वटा उजुरीकर्ताले रु पाँच लाख १२ हजार एक सय ६० अनलाइन माध्यमबाट ठगिएको जानकारी गराएका छन् ।

**सामान किनबेचका क्रममा भएको ठगीका उजुरी धेरै**

गत वर्षका अधिकांश अनलाइन ठगीसम्बन्धी परेका उजुरीमध्ये ६० वटा उजुरीकर्ताले सामान किन्ने क्रममा ठगी भएको जनाएका छन् । 'अनलाइन सपिङ', विदेश पठाइदिने प्रलोभन, चिट्ठा, खेल र विदेशबाट पारसाल (सामान) पठाइदिन्छु भनेर ठगी भएका उजुरी आधाभन्दा बढी रहेका प्रहरी निरीक्षक तिमिल्सिनाले बताउनुभयो । एक जना व्यक्तिले अनलाइन ठगीमा परेर न्यूनतम रु एक हजारदेखि अधिकतम रु सात लाख ४८ हजारसम्म गुमाएका छन् । अनलाइन ठगीले प्रहरी कार्यालयमा फाइलको चाङ बढाएको छ। प्रहरीका अनुसार अनलाइन ठगी बढ्दो छ। कसैलाई सस्तो सामानको प्रलोभन देखाइन्छ, कसैको 'फेसबुक' ह्याक गरेर आफन्तसँग पैसा मागिन्छ, कसैलाई अन्तरराष्ट्रिय ' लट्री, गिफ्ट', ऋण वा 'अनलाइन गेमिङ' र 'बेटिङ एप'मा विभिन्न प्रलोभनमा पारेर फसाउने गरेको प्रहरी निरीक्षक तिमिल्सिनाले बताउनुभयो । यसमा मुख्य लक्षित समूह १८-३५ वर्षका युवा हुन्, जसले सामाजिक सञ्जालमा बढी समय बिताउँछन् र छिटो फाइदा हुने लोभमा पर्छन् । ठगिनेमा पुरुषको तुलनामा महिला बढी रहेका छन् ।

**अनलाइन ठगीबाट कसरी बच्ने ?**

नेपाल बैंक लिमिटेड बेनी शाखाका सहायक प्रबन्धक समेत रहेका म्याग्दी बहुमुखी क्याम्पसका प्राध्यापक विकास आचार्यले प्रविधिको प्रयोग गर्न नचान्ने र प्रलोभनमा पार्न सकिने लक्षित समुदायलाई पहिचान गरेर ठगी गरेको देखिने बताउनुभयो ।

"प्रविधिको आफैँमा दोष छैन, यसको दुरुपयोग गर्नेको चलाखी र लोभमा पर्ने युवाको मानसिकता मुख्य कारण हो," उहाँले भन्नुभयो, "समुदायस्तरसम्म अनलाइन ठगीबाट बच्नका लागि सचेतना फैलाउन आवश्यक छ ।" प्रहरीले अनलाइन अपराध न्यूनीकरणका लागि विद्यालय, क्याम्पस र टोलस्तरमा साइबर सचेतना कार्यक्रम सञ्चालन गर्दै आएको छ।

अज्ञात लिङ्ब नखोल्ने, आधिकारिक वेबसाइट वा कम्पनीसँग मात्र कारोबार गर्ने, रकम पठाउनुअघि प्रमाण खोज्ने र व्यक्तिगत विवरण बाँड्दा सावधानी अपनाउने हो भने अनलाइन ठगीबाट जोगिन सकिने प्रहरी निरीक्षक तिमिल्सिनाले बताउनुभयो।


## एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला साविक तिलाहार गा.वि.स.वडा नं. ९ हाल मोदी गाउँपालिका/नगरपालिका वडा नं ६ बस्ने भारतीय सेनाका भू.पू.जे.सी.नं. ६३४५७९ का सुवदार विर वहादुर तामाङ्गको श्रीमती हरि माया खत्री क्षेत्रीको नागरिकता प्रमाण पत्रमा नाम




हरी माया खत्री क्षेत्री, जन्म मिति २०२५।८।१५ सन् १९६८।११।३० भएको र निजका पतिले भारतीय सेनामा नोकरी गरेको अभिलेखमा पत्नीको नाम हरि माया तामाङ्ग, जन्म मिति २०२६।२।१ सन् १९६९।५।१४ भै फरक परेको भएता पनि यी नामथर र जन्म मिति भएकी निम्न फोटो प्रमाणित व्यक्ति एउटै भएको भनि मोदी गाउँपालिका/नगरपालिका ६ नं. वडा कार्यालय, तिलाहार पर्वतको मिति २०७५।५।६ को पत्रवाट लेखि आएको व्यहोरा प्रमाणित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत**


# जनताका चाहना असीमित, स्रोत सीमित छः अर्थमन्त्री

**पोखरापत्र संवाददाता**
दमौली, २८ साउन

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले जनताको आधारभूत आवश्यकता पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

तनहुँको व्यास नगरपालिका-१० दुम्सीमा बिहीबारमतदातासँगको भेटघाटमा उहाँले सीमित स्रोतसाधनकाबीच जनताका अपेक्षा पूरा गर्न सरकार क्रियाशील रहेको जानकारी दिनुभयो । अर्थमन्त्री वाग्लेले भन्नुभयो, "बजेटका सीमाहरू छन्, रकम थोरै छ। जनताका अपेक्षा धेरै छन्। जुन बस्तीमा पुगेपनि जनताले खानेपानी, सडक, विद्यालय, स्वास्थ्यचौकी, तटबन्धन, खेलमैदानका माग गर्नुहुन्छ, सरकारले सक्दो त्यसलाई सम्बोधन गर्न प्रयास गरिरहेको छ ।" उहाँले तनहुँको विकासका लागि आफू प्रतिबद्ध रहेको बताउँदै यसपटकको बजेट वितरणमा न्यायोचित गर्न पहल गरिएको जानकारी दिनुभयो । तनहुँका जनताले आफूलाई दुई पटक प्रतिनिधिसभा सदस्यमा विजयी गराएको स्मरण गर्दै अर्थमन्त्री वाग्लेले त्यस कार्यमा जिल्लाबासीले लगाएको गुन र ऋण कहिल्यै नबिर्सिने बताउनुभयो । उहाँले दुम्सीमा खानेपानी र तटबन्धनका विषयमा सम्बन्धित मन्त्रालयसँग छलफल गरी काम अगाडी बढाइने बताउनुभयो । त्यसअवसरमा स्थानीयवासीले दुम्सीका ५०० घरधुरीमा खानेपानीको समस्या रहेकोबारे उहाँलाई जानकारी गराउनुभएको थियो ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना





प्रस्तुत विषयमा गण्डकी प्रदेश बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ निवासी भारतीय सेना भू.पू. नं. १४४१६९००X का नायक श्याम बहादुर जिसी को श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्र नं. ६८-६०३ मा नाम थर हुमकला जिसी र जन्म मिति वि.सं. २०२९/०६/१० (ई.सं. १९७२/०९/२६) भएको र निजको पतिको भारतीय पेन्सन रेकर्डमा श्रीमतीको नाम थर सिता कुमारी जिसी र जन्म मिति वि.सं. २०३०/०३/१२ (ई.सं. १९७३/०६/२६) भै फरक परेता पनि उल्लेखित दुई नाम थर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. ०३१, मिति २०८३/०४/०८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**